# नोभल कोरोना भाइरस COVID-19 बारे टोक्योका बासिन्दाहरूलाई अनुरोध गर्दछ

○ फेरि नोभल कोरोना COVID-19 को सङ्क्रमण हुनेहरूको सङ्ख्या बढ्यो भने खतरनाक हुन्छ। खतरा छ।

○ टोक्यो महानगरपालिका आधारभूत उपायहरू विस्तृत रूपमा कार्यान्वयन गर्ने अवधि रहिरहन्छ।
हाल महत्त्वपूर्ण कुरा भनेको फेरि नोभल कोरोना COVID-19 को सङ्क्रमण हुनेहरूको सङ्ख्या बढ्न नदिनु हो।

○ नोभल कोरोना COVID-19 को सङ्क्रमण नहोस् भनेर आफ्नो जीवनशैली परिवर्तन गर्नुहोस् भन्ने अनुरोध छ।

**कहिलेदेखि**

नभेम्बर 30 तारिख (मंगलबार) राति 12 बजेदेखि

**अनुरोध**

**टोक्योका बासिन्दाहरू**

○ झ्यालहरू वा ताजा हावा पास नहुने ठाउँहरूमा नजानुहोस्।
○ भिडभाड हुने समय वा भिडभाड हुने ठाउँहरूमा नजानुहोस्।
○ मानिसहरूको नजिक वा ठूलो आवाजमा नबोल्नुहोस्।
○ मानिसहरूको बिचमा दुरी राख्नुहोस्।
○ मास्क लगाउनुहोस्।
○ दिनमा पटक-पटक हात धुनुहोस्।
○ यात्रा वा व्यापारको कारण टोक्योमा आवतजावत गर्दा होसियारी अपनाउनुहोस्।
खास ज्वरो आएको बेलामा टोक्यो महानगरपालिका क्षेत्रभित्र आवतजावत नगर्नुहोस्।
○ बाटो वा पार्कमा समूहमा बस्दै मदिरा सेवन नगर्नुहोस्।

**पसल गर्नेहरू**

पसल खोल्ने समय छोटो पार्ने, इभेन्ट आदिबारे अनुरोध
※अर्को पानामा हेर्नुहोस्।

一般財団法人
東京都つながり創生財団
Tokyo Metropolitan Foundation "TSUNAGARI"

# अनुरोध गरिने सुविधा ( रेस्टुरेन्ट, कफी सप आदि) ①

| सुविधा | अनुरोध गरिने कुराहरू |
|---|---|
| रेस्टुरेन्ट<br><br>मनोरञ्जन सुविधा आदि<br><br>ब्याङ्क्वेट हल (विवाह हल) | ● “व्यवसायको निर्देशन” पछ्याउनुहोस्।<br><br>● **“विस्तृत परीक्षण र TOKYO सपोर्ट” प्रोजेक्टमा हुने “सङ्क्रमण रोकथामको लागि विस्तृत परीक्षणको प्रमाणपत्र※” प्राप्त भएर पसलको अगाडि टाँसिएको पसल**<br>—**2021 नभेम्बर 30 तारिख (मंगलबार) राति 12 बजेदेखि 2022 जनवरी 16 तारिख (आइतबार) राति 12 बजेसम्म**<br>·एउटा समूहमा 8 जनासम्मले एउटै टेबुल प्रयोग गर्न सकिन्छ।<br>·समूहमा 9 वा सोभन्दा धेरै व्यक्ति छ भने सबै जनाले नोभल कोरोनाको खोप लगाएको कुरा स्पष्ट पार्नको लागि ① र ② प्रयोग गर्नुहोस्।<br>① “TOKYO भ्याक्सिन एप” → ① TOKYO ワクション 安心、うれしい。ワクチンでアクション。<br>② खोपको प्रमाणपत्र (खोप लगाएको छ भनेर स्पष्ट पार्ने कागजात)<br>·”विस्तृत परीक्षण र TOKYO सपोर्ट” को नियम पछ्याउनुहोस्।<br><br>● **“सङ्क्रमण रोकथामको लागि विस्तृत परीक्षणको प्रमाणपत्र※” प्राप्त नगरेको वा नटाँसिएको पसल**<br>·एउटा समूहमा 4 जनासम्मले एउटै टेबुल प्रयोग गर्न सकिन्छ।<br>·मदिरा उपलब्ध गराउन सकिने समय : बिहान 11 बजेदेखि राति 9 बजेसम्म<br>·ग्राहक आफैले मदिरा लिएर आउन सकिने समय : बिहान 11 बजेदेखि राति 9 बजेसम्म |

※


# अनुरोध गरिने सुविधा ( रेस्टुरेन्ट, कफी सप आदि) ②

| सुविधा | अनुरोध गरिने कुराहरू |
|---|---|
| रेस्टुरेन्ट<br>मनोरञ्जन सुविधा आदि<br>ब्याङ्क्वेट हल<br>(विवाह हल) | ● कारावके भएको पसल<br>・एउटै कोठामा धेरै जना नबस्नुहोस्।<br>・सधैँ ताजा हावा पास हुन दिनुहोस्।<br>・माइक्रोफोनलाई किटाणुमुक्त राख्नुहोस्।<br>・नोभल कोरोनाको सङ्क्रमण नहुन होसियारी अपनाउनुहोस्। |



# अनुरोध गरिने सुविधा (अन्य) ①

| सुविधा | अनुरोध गरिने कुराहरू |
|---|---|
| मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि | ● कारावके प्रयोग गर्दा<br>・एउटा कोठामा धेरै जना नबस्नुहोस्।<br>・सधैँ ताजा हावा पास हुन दिनुहोस्।<br>・माइक्रोफोनलाई किटाणुमुक्त राख्नुहोस्।<br>・नोभल कोरोनाको सङ्क्रमण नहुन होसियारी अपनाउनुहोस्।<br><br><br>● सुविधाले ग्राहकहरूलाई अनुरोध गर्ने कुराहरू<br>・धेरै जना सँगै बसेर खानेकुरा खान सकिँदैन।<br>・लामो समयसम्म बसेर खानेकुरा खान वा मदिरा पिउन सकिँदैन।<br><br>● "व्यवसायको निर्देशन" पछ्याउनुहोस्।<br><br>● नोभल कोरोनाको सङ्क्रमण नहुन होसियारी अपनाउनुहोस्। |
| सम्मेलन हल, पब्लिक हल आदि | |
| प्रदर्शनालय, साँस्कृतिक सेन्टर आदि | |
| डिपार्टमेन्ट स्टोर・सपिङ सेन्टर आदि | |
| होटेल・ज्योकान (ब्याङ्क्वेट हल मात्र) | |
| बेसबल फिल्ड, व्यायामशाला, खेलकुद क्लब आदि | |
| थिम पार्क, मनोरञ्जन पार्क, पाचिन्को पसल, गेम सेन्टर आदि | |
| सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि | |
| व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि | |
| सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि | |
| ड्राइभिङ स्कूल, क्राम स्कूल आदि | |

# अनुरोध गरिने सुविधा (अन्य) ②

<table>
<tr><th>सुविधा</th><th>अनुरोध गरिने कुराहरू</th></tr>
<tr><td>मुभि थिएटर, थिएटर, मनोरञ्जन हल आदि</td><td rowspan="11">■चर्को नकराउने किसिमको सुविधा<br>※क्षमता=प्रवेश गर्न सकिने मानिसहरूको सङ्ख्या<br>・5,000 जना वा त्योभन्दा कम क्षमता भएको : क्षमताले भ्याएसम्म<br>・5,000 जनाभन्दा बढीदेखि 10,000 जना वा कम क्षमता भएको: 5,000 जनासम्म<br>・10,000 जनाभन्दा बढी: क्षमताको आधासम्म<br><br>— "सङ्क्रमण नियन्त्रण सुरक्षात्मक योजना" टोक्योमा जारी गरिएको खण्डमा सुविधाभित्र 5000 जनाभन्दा बढी वा क्षमताको 50% भन्दा बढी भए पनि सुविधाभित्र पस्न सकिन्छ।<br>"सङ्क्रमण नियन्त्रण सुरक्षात्मक योजना" →<br><br>■चर्को कराउने किसिमको सुविधा<br>・क्षमताको आधासम्म</td></tr>
<tr><td>सम्मेलन हल, पब्लिक हल आदि</td></tr>
<tr><td>प्रदर्शनालय, साँस्कृतिक सेन्टर आदि</td></tr>
<tr><td>डिपार्टमेन्ट स्टोर・सपिङ सेन्टर आदि</td></tr>
<tr><td>होटेल・र्‍योकान (ब्याङ्क्वेट हल मात्र)</td></tr>
<tr><td>बेसबल फिल्ड, व्यायामशाला,<br>खेलकुद क्लब आदि</td></tr>
<tr><td>थिम पार्क, मनोरञ्जन पार्क, पाचिन्को पसल, गेम सेन्टर आदि</td></tr>
<tr><td>सङ्ग्रहालय, कला सङ्ग्रहालय, चिडियाखाना आदि</td></tr>
<tr><td>व्यक्तिगत कोठा भएको बाथ व्यवसायसँग सम्बन्धित पब्लिक बाथहाउस, व्यक्तिगत कोठा भएको भिडियो पसल आदि</td></tr>
<tr><td>सुपर पब्लिक बाथ, सोन्दर्य सेवा उद्योग आदि</td></tr>
<tr><td>ड्राइभिङ स्कूल, क्राम स्कूल आदि</td></tr>
</table>